११२०।६२२

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २९९/२०७०/०७१

निर्णय नं. ७३२

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. स्थायी घर भई हाल भ.पु.जि. मध्यपुर थिमी न.पा. वडा नं. १६-मनोहरा, लोकन्थली बस्ने शारदा भुषाल (झा) ...............................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (एमाले), बल्खु, काठमाडौं ..................................१ विपक्षी

सूचना अधिकारी, नेपाल कम्युनिष्ट पार्टी (एमाले), बल्खु, काठमाडौं ...............................१

**विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।**

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. स्थायी घर भई हाल भ.पु.जि. मध्यपुर थिमी न.पा. वडा नं. १६ मनोहरा, लोकन्थली बस्ने शारदा भुषाल (झा)ले नेपाल कम्युनिष्ट पार्टी (एमाले), बल्खु, काठमाडौंले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरेको पुनरावेदनका सम्बन्धमा यस आयोगबाट मिति २०७१।०३।२५ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न नेपाल कम्युनिष्ट पार्टी (एमाले), बल्खु, काठमाडौंलाई यस आयोगबाट क्रमश: मिति २०७१।०३।३२ च.नं. १२८४, २०७१।१२।३० च.नं. ८३० को पत्रबाट आदेश कार्यान्वयनको लागि पत्राचार गरिएको । उक्त पत्रचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत निवेदन तामेलीमा राखिएको छ । प्रस्तुत निवेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्बवत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्